# मधेशी आयोग

ज्वागल, ललितपुर

फोन नं: ०१-५२६११८५
टोलफ्रि नं: १६६००११६१८५


पत्र संख्याः
चलानी नं:

मधेशी आयोग
ज्वागल, ललितपुर

मिति : २०७९।०७।०१

## प्रेस विज्ञप्ति

आर्थिक बर्ष २०७८।७९ को चौथो वार्षिक प्रतिवेदनमा मधेशी आयोगद्वारा सम्पादित मुख्य मुख्य सिफारिस तथा कार्यहरुको विवरण

**१.आयोगबाट गरिएको सिफारिसहरु:** मधेशी आयोग ऐन, २०७४ को दफा ७ को (झ) र (ञ) लाई विशेष सम्बोधन गर्दै नेपाल सरकारलाई देहाय वमोजिमका सुझावहरु पेश गरिएको थियो।

१.१ परिभाषा नं. १ "मधेश"के हो ? भनि जिज्ञासाको लागि तत्कालीन राजकीय प्रज्ञा प्रतिष्ठान द्वारा २०४४ सालमा प्रकाशित स्थाननाम -कोष २०४४ पुस्तकको पृष्ठ ११६ अनुसार " [ सं.मध्य +देश ] मध्य अर्थात् बीचको र देश अर्थात् भेक भन्ने अर्थमा तराई प्रदेशलाई "मधेश" भनिएको छ ।

चुरे र महाभारतको भित्री मधेश र चुरेदेखि दक्षिणको भागलाई खास "मधेश" भनिन्छ । प्राचीन ग्रन्थहरुमा "मध्यदेश" को उल्लेख पाइन्छ । कुरुपान्चाल राष्ट्र र कुरुक्षेत्र मण्डल मध्यदेशका मुख्य अंगहरु थिए । मध्यदेशको पश्चिमी र मध्य पहाडी प्रदेशको नाम सपादलक्ष्य थियो । यहाँका प्राचीन वासिन्दाहरु खस थिए । मिथिला, अवध, भोजपुर र मगध चाहि "मध्य देश" का भाषिक प्रान्तहरु थिए ।

परिभाषा नं.२
मत्स्यदेश (मोरङ )
मत्स्य +देश ।

पुरातात्त्विक अवशेषहरुको आधारमा मोरङ नै महाभारतकालिन भएको अनुमान हुन्छ । झापा, मोरङका सांगुरी डांडा, सयसयसमेगढ, किसरी नदि, सतासीधाम्, विराटपोखर, किलागढ, लुकानी, किचकवध आदी ठाउँहरुको वारेमा लोकोक्ति रहेको छ ।

१.२ "मधेशी" को को हुन् ? भन्ने जिज्ञासाका लागि मधेशी आयोगको अध्ययन प्रतिवेदन २०७८ अनुसार १४९ वटा जात र (मुस्लिम-थारु) रहेका छन् । जसको २२०० भन्दा वढि थरहरु रहेका छन् ।

१.३ मधेशी आयोगले नेपाल सरकारसँग सम्पर्क राख्ने विद्यमान कानूनी व्यवस्थालाई संशोधन गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत सम्पर्क राख्ने व्यवस्था हुनुपर्ने । यसबाट आयोगको कार्य प्रभावकारी र फलदायी हुनेछ ।

१.४ संघीय संसद अन्तर्गत रहेका विभिन्न समितिहरूमा विभिन्न संवैधानिक निकायहरूको प्रतिवेदन माथि छलफल हुने गरेकोमा यस आयोगको प्रतिवेदन उपर छलफल हुने समितिमा प्रतिनिधि सभाको राज्य व्यवस्था तथा सुशासन समिति हुनुपर्ने । यसबाट प्रत्यक्ष रूपमा नीतिगत निर्णयमा सहभागी भई फलित कार्यको अनुभूति हुनेछ ।

१.५ आयोगको कार्य सम्पादन प्रभावकारी बनाउन आयोगमा विशिष्ट श्रेणीको सचिवको दरवन्दी कायम गरिनु पर्ने । यो भन्दा पूर्व प्रावधान गरिएको थियो तर ऐनमा संशोधन गरी हटाइएको छ ।

१.६ आयोगमा जनशक्ति पर्याप्त हुनुपर्ने तथा कानूनी सल्लाहकार, सामाजिक साँस्कृतिक सल्लाहकार, तथ्याङ्कविद सहितका थप दरवन्दी तथा रकम व्यवस्थापन हुनुपर्ने । आयोगलाई कानून बमोजिम परिभाषित गरिएका कार्यहरू विज्ञ/विशेषज्ञ रूपमा रही कार्य सम्पादन हुनमा सहजता हुनेछ ।

१.७ आयोगलाई आर्थिक रूपमा स्वायत्त बनाउनुपर्ने जसबाट निर्देशित कार्य अविक्रमित रूपमा संचालन गर्नुपर्ने हुन्छ।

१.८ मधेशी आयोगको कार्य प्रभावकारी बनाउन प्रदेश तहमा कार्यालयहरू यथासिघ्र स्थापना गरी संचालन गर्न व्यवस्थापन हुनुपर्ने देखिन्छ।

१.९ मधेशी समुदाय सम्बन्धी कानून तर्जुमा गर्दा आयोगको सल्लाह अनिवार्य रूपमा लिने प्रावधान बनाउनुपर्ने । यसबाट समुदायमा अपेक्षित विश्वास बढ्ने र कार्य ठोस रूपमा हुनेछ ।

१.१० संवैधानिक आयोगहरुको छुट्टै संवैधानिक सेवा गठन गरी कर्मचारीको मनोवल उच्च बनाउनुपर्ने, यसबाट कर्मचारीहरूमा स्थिरता हुनेछ र समयमै मनोवैज्ञानिक तवरले कार्य संम्पादन हुनेछ ।

१.११ आयोगबाट गरिएका सिफारिसहरू यथासिघ्र र यथाशक्य लागू गर्ने वातावरण सिर्जना गर्नुपर्ने । यसबाट राज्यलाई लोककल्याणकारी बनाउन सहायक सिद्ध हुनेछ ।

१.१२ मधेशी समुदायसँग सम्बन्धित नीति कार्यक्रम तर्जुमा गर्दा आयोगसँग समन्वय गर्ने व्यवस्था हुनु पर्ने ।

१.१३ मधेशी आयोग विशेष र सम्वेदनशील आयोग रहेकाले यस आयोगलाई विशेष प्याकेजको व्यवस्था गरी परिभाषित कार्यहरू सुसम्पादन गर्न लगाउनुपर्ने हुन्छ।

१.१४ आयोगद्वारा तयार गरिएको २० वटा विभिन्न कार्य क्षेत्रको लागि क्रमशः वजेट विनियोजन गर्नुपर्ने । कार्यक्षेत्र पञ्चवर्षिय रणनीतिक कार्ययोजना विस्तृत उल्लेख गरिएका छन ।

१.१५ देखिएका विकासमा वास्तविकता र यथार्थताको लागि आयोगको भूमिका प्रभावकारी बनाउनुपर्ने । एउटै योजनामा तीनै तहमा रकम विनियोजित भएतापनि योजना अपुर्ण नै रहेको छ ।

१.१६ मधेशी समुदायको अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध उजुरी सङ्कलन गरी सो उपर छानविन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने ऐनको प्रावधानलाई संशोधन गरी उजुरी माथि "छानवीन तथा तहकिकात" गर्ने गरी व्यवस्था गर्नुपर्ने हुन्छ।

# मधेशी आयोग

ज्वागल, ललितपुर

फोन नं: ०१-५२६११८५
टोलफ्रि नं: १६६००११६१८५


पत्र संख्याः
चलानी नं:

१.१७ नेपाल-अंग्रेज युद्ध भएको सर्लाहीको विष्णु गाउँपालिकास्थित "मधुवन गोठ" लाई ऐतिहासिक स्थलको रूपमा अध्ययन, अनुसन्धान र विकास गर्न अत्यावश्यक देखिन्छ । यसबाट मधेशी समुदायको इतिहासप्रति अपनत्व बढ्ने छ ।

१.१८ राजा विराटको गृहनगर रहेको स्थललाई उचित रूपमा विकास गरी पर्यटकीय स्थल बनाउनुपर्ने ।

१.१९ विश्व सम्पदा सूचिमा विश्वप्रसिद्ध (क) जानकी मन्दिर, जनकपुरधाम (ख) लक्ष्मीनारायण मन्दिर मौवाहा-३ बलान विहुल गाउँपालिका, सप्तरी (ग) लक्ष्मीनारायण मठ तथा मन्दिर, मटिहानी महोत्तरीलाई अनिवार्य रूपमा सूचीकृत गर्ने । साथै, अन्य स्थलहरुको पहिचान गरी सूचीकृत गर्नुपर्ने देखिन्छ ।

१.२० कपिलवस्तु जिल्लामा रहेका प्रसिद्ध तौलेश्वर मन्दिरलाई पर्यटकीय स्थलको रूपमा विकास गर्नुपर्ने ।

१.२१ अति विपन्न र विपन्न वर्गको लागि गुणात्मक शिक्षा, आयमुलक सीपमा संलग्न गराई आर्थिक रूपमा स्वावलम्बी बनाउनुपर्ने ।

१.२२ नेपालको सबभन्दा जेठो विद्यालय श्री राजकीय संस्कृत पाठशाला महोत्तरी हाल मधेश प्रदेशको महोत्तरी जिल्लाको मटिहानी न.पा. स्थित श्री राजकीय संस्कृत माध्यमिक विद्यालय ३०४ वर्ष पुरानो रहेकोले यसलाई सोही अनुसार सूचीकृत गर्न शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले पहल गर्नुपर्ने हुन्छ।

१.२३ सीमावर्ती स्थानीय तहका जनताले भोग्दै आएका समस्याहरू डुवान, अपराध र तस्करी जस्ता समस्यालाई न्यूनीकरण गर्नुपर्ने देखिन्छ ।

१.२४ धर्मान्तर र धर्मान्धताको नाममा भित्रिने रकमलाई तत्काल गृहमन्त्रालयले निगरानी राख्नुपर्ने हुन्छ।

१.२५ नेपाल परिचय तथा आधुनिक विषयहरू सबै शैक्षिक संस्थाहरूमा अनिवार्यरूपमा पठनपाठन गराउनु पर्ने ।

१.२६ सूचीकृत नभएका विभिन्न धर्मावलम्बीहरूको शिक्षण संस्थाहरूलाई अनिवार्य रूपमा सूचीकृत गरी राज्यको मुलधारमा ल्याउनुपर्ने ।

१.२७ मधेशको संस्कृति नै जल संस्कृति रहेकोले चुरे संरक्षण गरी पानीको स्रोत बनाउनु/जोगाउनुपर्ने । यसको दोहनबाट सिर्जित कटान, डुवान र भरान सहितका समस्यालाई समाधान गर्नुपर्ने हुन्छ।

१.२८ अतिविपन्न, विपन्न र मध्यम वर्गलाई विशेष सामाजिक सुरक्षा भत्ता व्यवस्था गरी राज्यको मूलधारमा ल्याउनुपर्ने देखिन्छ ।

१.२९ स्थानीय तह, प्रादेशिक तह र संघीय तहमा आवश्यक समन्वय र सहकार्य गरी सहअस्तित्वको भावना जगाई मानव विकास र भौतिक विकासको वातावरण तयार गर्नुपर्ने ।

१.३० अनावश्यक देखिएका राजकीय संरचनाहरू खारेज हुनेगरी सफा सुग्घर संरचनाको विकास गर्नुपर्ने ।

१.३१ भाषा आयोगद्वारा सिफारिस प्राथमिकता अनुसारका भाषाहरूमा स्थानीय पाठ्यक्रम निर्माण गरी पठन पाठन अझै सुचारु नभएकोले सिफारिस अनुसार पठनपाठन संचालन गर्नुपर्ने ।

१.३२ पाठ्यक्रममा नै आठ कक्षा सम्म आधुनिक स्तरमा संस्कृत शिक्षा, नैतिक शिक्षा र योगशिक्षा हुनुपर्ने । यसबाट भाषा, नैतिकता तथा स्वास्थ्यलाई प्रभावकारी र फलदायी रूपमा जीवन पद्धतीमै उतार्न सहायक सिद्ध हुन्छ ।

१.३३ मधेशी समुदायका आस्थाका केन्द्र लोकतन्त्र र सनातन हिन्दु संस्कृति नै रहेको छ । यसलाई अक्षुण्य राख्न लोकतान्त्रिक संस्कृतिलाई वलियो पार्नुपर्छ । साथै सनातनी हिन्दु संस्कृति माथि अतिक्रमण र धर्मान्तरण सहितका कार्यलाई अविलम्ब रोक्नुपर्छ ।

१.३४ देश दर्शन अभियान सघन रूपमा संचालन गर्नुपर्छ । यसबाट विभिन्न भुगोलमा बसोवास गर्नेहरूलाई आफ्नै मुलुकको कला, संस्कृति, समाज, लोकज्ञानमा सहजता हुनेछ । मुलुकमा सामाजिक र सांस्कृतिक एकता झन् वलियो हुनेछ । यसबाट राष्ट्रिय एकता मजवुत हुनेछ ।

१.३५ मुलुकलाई आत्मनिर्भर बनाउन युवाशक्ति, महिलाशक्ति, अनुभवि ज्येष्ठ नागरिकका विचारशक्ति लगायतलाई उत्प्रेरित गर्ने विषय-विज्ञताका साथै सीपयुक्त प्रशिक्षण दिई सर्वाङ्गीण क्षेत्रमा स्वावलम्बी बनाउनु पर्छ । मधेशी युवालाई उत्प्रेरणा जगाई कुलत, कुरीति, कुसंस्कारबाट जोगाउनुपर्छ ।

१.३६ हुलाकी राजमार्ग तराई-मधेशको जीवन रेखा हो । सो राजमार्गको निर्माण कार्यमा तिव्रता ल्याई पुर्वपश्चिमको राजमार्ग अविलम्ब संचालन गर्नुपर्छ । सिराहा र धनुषाको सीमामा रहेका कमला पुल उदघाटन नहुदै भत्किएको २ वर्ष वितिसक्दा पनि बन्न नसकेकोले सो पूलको पूर्ननिर्माण गरी हुलाकी राजमार्गको धनुषा सिराहा खण्ड संचालन गर्नुपर्छ । यसबाट यातायात सहज हुनुको साथै आर्थिक रूपमा समाज सशक्त हुनेछ ।

१.३७ विपन्न र अतिविपन्न वर्गको न्यायमा सहज पहुँचको लागि जिल्ला न्यायाधिवक्ता, प्रदेशका मुख्य न्यायाधिवक्ता र महान्यायधिवक्ताको पहुँचमा सहजीकरण गर्नुपर्ने देखिन्छ । गैर-सरकारी क्षेत्रका कानुन व्यवसायीहरूसँग समेत समन्वय र सहकार्य गरी लक्षित वर्गको पहुँच सहज हुनुपर्ने देखिन्छ ।

१.३८ सशक्तीकरण कार्यक्रमहरुमा "लोकसेवा आयोग" को परिक्षा प्रणाली आधुनिक र भूगोल तथा विविधतामैत्री हुनुपर्ने ।

१.३९ शिक्षण सिकाई अझ प्रभावकारी वनाउन कम्तीमा ५ कक्षा सम्म मातृभाषामा नै अनिवार्य शिक्षा प्रदान गर्नुपर्ने देखिन्छ ।

१.४० शिक्षालाई सीपयुक्त बनाउन अनिवार्य रुपमा Learning with Earning को व्यवस्थापन व्यवहारमै उतार्नु पर्ने देखिन्छ ।

१.४१ लैङ्गिक अल्पसंख्यक, फरक क्षमता, अतिविपन्न, विपन्न वर्गहरुको वास्तविक पहिचान गरी सहि तथ्यांकको आधारमा सामाजिक सेवा सुविधा को व्यवस्था गर्नुपर्ने देखिन्छ ।

१.४२ मधेश प्रदेशका आठवटै जिल्लाहरु लगायतमा आकाशे वर्षामा आश्रीत किसानहरुलाई तत्काले "सुक्खा क्षेत्र" घोषणा गरी राहत दिनुपर्ने ।

१.४३ किसानहरुका दिर्घकालिन समस्या समाधानका लागि कोशी कमला, वलान, वागमती, नारायणी, राप्ती सहितका नदिहरुवाट नहरको उचित व्यवस्थापन गरी बाह्रै महिना सिचाइको व्यवस्था गर्नुपर्ने हुन्छ । साथै, भएका नहरहरुलाई सुव्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

१.४४ मलको हाहाकारलाई दीर्घकालीन समस्या समाधान गर्नको लागि मल कारखाना नेपालमै खोल्नु पर्ने ।

१.४५ मधेशी जनतालाई आर्थिक विपन्नताका कारण सामाजिक संस्कार र अन्त्येष्टिमा समेत समस्या देखिएकोले तत्काले सहुलियत ऋणको व्यवस्था स्थानीय तहको रोहवरमा हुनुपर्ने ।

१.४६ राज्यले वास्तविकताका आधारमा अतिविपन्न, विपन्न, भुमिहीनहरुको पहिचान गरी जमिन आधिपत्य स्थापित गर्नुपर्ने देखिन्छ ।

१.४७ चुरेको विनाशलाई रोक्न तत्काले कदमहरू चाल्न सिफारिस गरिएको र सोको लागि वन तथा वातावरण मन्त्रालयले अवैध जंगल कटान, भौतिक सम्पदा निर्माणलाई रोक्नुपर्ने देखिन्छ साथै राष्ट्रपति चुरे तराई मधेश संरक्षण समितिलाई प्रभावकारी बनाउनुपर्ने देखिन्छ ।

१.४८ किसानको आन्दोलनमा किसानहरू माथिको अत्याधिक बल प्रयोग भएकोले सो रोक्न सरोकारवालाहरूसंग छलफल गरि आन्दोलनलाई वार्ताको माध्यमबाट समाधान गर्न सिफारिस गरिएको ।

१.४९ भौतिक रुपमा सडक पुर्वाधारहरू उत्तर-दक्षिणको सडकहरू अत्याधिक कमजोर रहेकोले गुणात्मक सडक निर्माण गर्नका लागि सिफारिस गरिएको ।

१.५० शिक्षा र स्वास्थ्य सहितका क्षेत्रमा बढ्दै गएको अराजकताको न्यूनीकरणका लागि सरोकारवालाहरूसँग छलफल गरी अराजकता रोक्न सिफारिस गरिएको ।

१.५१ ज्येष्ठ नागरिकहरूलाई घरबाट सम्मान गर्ने भावनाको विकास गरी महिला, बालबालिका, युवाहरूको नैतिक विकासका लागि स्थानीयहरू तथा शिक्षण संस्थाहरूमा अभिमुखीकरण कक्षाहरू सञ्चालन गर्न सिफारिस गरिएको ।

१.५२ तराई-मधेशमा रहेका पुरातात्त्विक महत्त्वको मठ-मन्दिरलाई उचित संरक्षण विकास गर्न सिफारिस गरिएको ।

१.५३ योग शिक्षा र चिकित्साको माध्यमबाट शारिरीक, मानशिक लगायतका समस्याहरु समाधान गर्न आधुनिक विधि र प्रविधिको प्रयोग गरी ग्रामिणस्तर सम्मका आधारमभुत वर्गलाई लाभान्वित हुने गरी स्थानीय र प्रदेश सरकारहरुले प्रभावकारी रुपमा केन्द्र निर्माण वा विद्यालयमा अभियान सुरु गर्नु पर्ने हुन्छ । यसवाट नैतिकता, आध्यात्मिकता र आर्थिक रुपमा समेत युवाहरुलाई संयोजनको अवसर प्राप्त हुनेछ ।

१.५४ गाँस, बास र कपास सम्वन्धीः

क. अतिविपन्न, विपन्न दलित महिलाहरुको लागि सीपयुक्त क्षमताको पहिचानगरि सो आधारमा तहगत सरकारहरुले सहुलियतपूर्ण पूँजीको व्यवस्थापन उत्पादनमा फलदायी प्रोत्साहन गरि उत्पादित सामग्रीहरुको उचित वजार व्यवस्थापन गर्नुपर्ने ।

ख. कृषि पेशा गर्न चाहनेहरुलाई आधुनिकताका साथ सामुहिक खेतीमा प्रोत्साहन गर्नुपर्ने ।

ग. विभिन्न प्रकारका आधारभूत तालिमहरु जस्तै - मैनवत्ती, सावुन, भुजा/मुरही, चिउरा, दालमोट, भुजिया, मसाला, अगरवत्ती वनाउने, मोबाइल मर्मत, विजुलीको वाईरिङ्ग, फर्निचर, कपाल काट्ने, वाँस र काठका सामग्री निर्माण, जुत्ता-चप्पल सिलाउने, सिलाई - कटाई, व्युटिसियन फोटो/भिडियोको एडिटिङ्ग, घर निर्माण, डोरी/रस्सी वनाउने, फलामको कृषि औजार जस्ता स्थानीय वजारमै खपत र व्यवस्थापन हुने वजार तालिम दिई आय आर्जनवाट मूलधार ल्याउने गरी कार्य गर्नुपर्ने ।

घ. व्यवहारिक र आचरणमै आउने गरी महिला-पुरुषको ज्याला एउटै हुनुपर्ने ।

१.५५ शिक्षा सम्वन्धी :

क. अतिविपन्न, विपन्न र दलितका अभिभावकहरुलाई सचेतना दिई वालवालिकाहरुलाई विद्यालयसम्मको शत-प्रतिशत व्यवहारिक पहुँच वढाउनु पर्ने ।

ख. शिक्षामा पहुँच वढाउन विहानी वा सांझको अतिरिक्त कक्षाहरु टोल-टोलमा व्यवस्था गर्नुपर्ने ।

ग. शिक्षकहरूलाई पुर्ण जिम्मेवार वनाउनु पर्ने ।

घ. मातृभाषामा अनिवार्यरुपमा प्राथमिक शिक्षा हुनुपर्ने साथै अतिरिक्त ज्ञानको लागि समेत व्यवस्था स्थानीय तहले गर्नै पर्ने ।

१.५६ स्वास्थ्य क्षेत्र सम्वन्धी :

क. अतिविपन्न, विपन्न र दलितलाई निःशुल्क र गुणस्तरीय फलदायी स्वास्थ्य सेवा व्यवस्था गर्नुपर्ने ।

ख. वालमृत्यु दर, मातृ मृत्युदर घटाउन वडा स्तरीय जनचेतनामूलक कार्यक्रमहरु संचालन गर्नुपर्ने ।

ग. आर्थिक स्रोत वढाई जनचेतनामूलक कार्यक्रमहरुद्वारा कुपोषणको गम्भीर स्वास्थ समस्या समाधान गर्नुपर्ने ।

घ. स्वास्थ्य चौकीहरुमा स्नातक तहका चिकित्सक अनिवार्य रुपमा व्यवस्था गर्नुपर्ने ।

१.५७ सशक्तीकरण सम्वन्धी :

क. यथार्थपरक रुपमा अतिविपन्न, विपन्न र दलितहरूको पहिचान गरी तहगत गरिवीको प्रमाणपत्रको व्यवस्था गरी सामाजिक सुविधा र प्रतिनिधित्वको व्यवस्था गर्नुपर्ने ।

ख. परम्परागत सीपलाई आधुनिकीकरण, व्यवसायीकरण र वजारीकरण गरी सांस्कृतिक अधिकार र पहिचानको व्यवस्था गर्नुपर्ने ।

ग. गुणस्तरीय शिक्षा तथा वातावरण तयार गरी जातीय छुवाछूत आचरणवाटै निर्मुल गर्नुपर्ने र छुवाछुत गर्नेहरुलाई कानुनतः दण्डीत गर्नुपर्ने ।

घ. अति विपन्न, विपन्न, मध्यम र दलित वर्गलाई राज्यले विशेष आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक र राजनीतिक अधिकारका साथै शान्ति-सुरक्षाको व्यवस्था गर्नुपर्ने ।

१.५८ श्री छिन्नमस्ता भगवति सखडेश्वरी सप्तरी जिल्लाको छिन्नमस्ता गाउँपालिका वडा नं. ३ मा रहेको छ । सो प्रसिद्ध शक्तिपिठ हालसम्म निजि गुठी कै रुपमा रहेकोले सो गुठीलाई सार्वजनिक गुठीमा लैजानको लागि आवश्यक प्रकृया संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, केन्द्रिय गुठी संस्थानका साथै आवश्यक रहेको सवै सरोकारवालाहरुसँग पहल गर्न सिफारिस गर्ने । यो शक्तिपिठ सार्वजनिक गुठीमा भएपछि नेपालीहरुलाई नै रोजगारी र सामाजिक, सांस्कृतिक विकासमा सुअवसर पाउनेछन् । साथै सो शक्तिपिठको परिसरमा रहेको

# मधेशी आयोग
ज्वागल, ललितपुर

फोन नं: ०१-५२६११८५
टोलफ्रि नं: १६६००११६१८५

पत्र संख्याः
चलानी नंः


छिन्नमस्ता भगवती भुपेन्द्र संस्कृत मा.वि. वडा नं. ३ लाई समेत आधुनिक तथा प्रभावकारी तवरले संस्कृत शिक्षाको लागि अगाडि बढाउनुपर्ने नितान्त जरुरी देखिन आएकोले सो विद्यापिठलाई व्यवस्थित गर्न सिफारिस गर्ने निर्णय गरिएको छ ।

१.५९ नेपाल भारतका सीमा खुल्ला रहेकोले निजी वा पारिवारिक जीवनमा हुने सामाजिक, सांस्कृतिक र आर्थिक कार्यमा प्रभाव नपर्ने गरी कार्यलाई संघीय सरकारले व्यवस्थित गर्नुपर्ने देखिएकोले यो सिफारिस गरिएको छ । साथै सीमा क्षेत्रमा हुने अवैध कार्यहरुलाई यथासिघ्र रोक्नुपर्ने देखिन्छ ।

१.६० वैदिशिक रोजगारबाट प्राप्त भएको रकमलाई उत्पादनमुखी कार्यमा लगाउनु पर्ने जसवाट आयात प्रतिस्थापन र मुलुकमा रोजगारीको वातावरण सिर्जना हुने देखिएकोले विप्रेषणलाई उचित र प्रभावकारी ढंगवाट व्यवस्थापन गर्नुपर्ने ।

१.६१ सप्तरी जिल्लाको राजगढ गाउँपालिका वडा नं. २ वनैनियामा रहेको श्री नवदुर्गा भगवति मन्दिर ऐतिहासिक तथा पुरातात्विक दृष्टीले १०० बर्ष भन्दा बढी पुरानो रहेकोले सो लाई संरक्षण सम्बर्द्धन गर्न संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा पठाउने ।

१.६२ मिथिला पेन्टिङ सहितका हस्तकलाका अग्रपंक्तिमा रहेकाहरुले नेपालका किर्ति विश्वभरी पचास वर्ष पहिले नै फैलाई सकेका थिए । अहिले ती हस्तकारीगरहरुलाई स्थानीय र प्रदेश सरकारहरुले केही कतै नगरेको देखिन्छ । तिनका आँखा र हात दुवै कमजोर भईसकेको यथार्थता रहेको छ । ती प्रखर र निपूण हस्तकारिगरहरुलाई स्थानीय र प्रदेश सरकारहरुले विवरण संकलन गरी "कलाकारिता सुरक्षा भत्ता" को व्यवस्था गर्नुपर्ने ।

१.६३ सुनसरी जिल्लाको हरिनगरा गाउँपालिकामा रहेको ऐतिहासिक तथा पुरातात्विक शिव मन्दिर, सप्तरी जिल्लाको कंकालिनी भगवती मन्दिर, लोकनायक दिनाभद्री, सिराहा

जिल्लाको लहान न.पा. को ढोडनामा अवस्थित राजदेवी पद्मावती मन्दिर, सिराहा जिल्लाको सहलेश फुलवारी मन्दिर, पताइर पोखरी, मानिक दह, मिर्चैया न.पा. वडा नं. ९ मा अवस्थित प्राकृतिक कमल दह, वारा जिल्लाको गढीमाई, पर्सा जिल्लाको माईस्थान, बाँके जिल्लाको वागेश्वरी मन्दिर, नवलपरासी जिल्लाको त्रिवेणीधाम, कपिलवस्तु जिल्लाको तिलौराकोट लगायतका धार्मिक स्थलहरुको उचित विकासगरी पर्यटन प्रवर्द्धन मार्फत लक्षित वर्गको आय आर्जनमा टेवा पुऱ्याउने ।

१.६४ तराई मधेशमा भएका ऐतिहासिक कलाहरु (मिथिला पेन्टिङ्ग, भोजपुरी पेन्टिङ्ग, अवधि पेन्टिङ्ग) लगायतका हस्तकलाहरुलाई अध्ययन अध्यापनको लागि शैक्षिक पाठ्यक्रममा राख्नुपर्ने ।

१.६५ विश्व सम्पदा सूचिमा विश्वप्रसिद्ध (क) जानकी मन्दिर, जनकपुरधाम (ख) लक्ष्मीनारायण मन्दिर मौवाहा-३ बलान विहुल गाउँपालिका, सप्तरी (ग) लक्ष्मीनारायण मठ तथा मन्दिर, मटिहानी महोत्तरीलाई अनिवार्य रूपमा सूचीकृत गर्ने । साथै, अन्य स्थलहरुको पहिचान गरी सूचिकृत गर्नुपर्ने देखिन्छ ।

२. मधेशी समुदायको हक हितको संरक्षण, सम्वर्द्धन र मधेशी समुदायको सशक्तीकरण गर्नको लागि स्थापित यस संवैधानिक आयोगले मधेशी आयोग ऐन, २०७४ बमोजिमका कार्यहरु सम्पादन गर्दै आइरहेको छ ।

३. आयोगको ऐनको दफा ७ (ठ) अनुसार मधेशी समुदायको अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध उजुरी संकलन गरी सो उपर छानबिन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने जिम्मेवारी अनुसार प्रतिवेदन अवधिमा कुल ११४ वटा उजुरीहरु आयोग समक्ष प्राप्त भएका छन् । ती उजुरीको आवश्यक छानबिन तथा तहकिकात गरी पिडितलाई न्याय दिलाउन आयोगले सम्बन्धित निकायमा सिफारिस गरी पठाइएको छ ।

४.आयोगको ऐनको दफा ७ (च) अनुसार मधेशी समुदायको हक हितको संरक्षण, सम्बर्द्धनका लागि आवश्यक अनुगमन गरी सम्बन्धित निकायमा सिफारिस गर्ने हेतुले विभिन्न जिल्लाको अनुगमन भएको थियो । मधेश प्रदेशको दाइजोको कारण हत्या गरिएको घटनाको अनुगमन, छठ पर्वको दिन हिन्दु मुस्लिमको विचमा तेलिया पोखरीमा छठ घाट बनाउने विषयमा भएको झगडा सम्बन्धी स्थलगत अनुगमन, बलान विहुल गाउँपालिकामा कृषिका लागि चाहिने मल, विउ, किटनाशक औषधि हाहाकार भएको सम्बन्धमा अनुगमन, किसान आन्दोलनको स्थलगत अनुगमन, मधेशमा व्याप्त महिला हिंसा, जातिय विभेद र सामाजिक कुरीति सम्बन्धी अनुगमन, बाढीबाट प्रभावित क्षेत्रहरुको अनुगमन, २०७९ बैशाख ३० गतेको स्थानीय निर्वाचन स्थलमा पुगेर संचार

माध्यमवाट राजनैतिक दल, प्रहरी, प्रशासन, उम्मेदवार र मतदाताहरुसँग भएको छलफल तथा अनुगमन, मधेशी समुदायको सरोकारवालाहरुसँग थर सूचीकरण सम्वन्धी छलफल कार्यक्रम तथा अनुगमन, छिन्मस्ता भगवतीको मुखौटा चोरी सम्बन्धमा अनुगमन, चितवन जिल्लास्थित नारायणगढमा निर्माणको क्रममा रहेको रंगशालाको अनुगमन गरी सुझाव लिई प्रतिवेदन तयार गरिएको थियो । सो को आधारमा आयोगबाट आवश्यक छानविन गरी कारवाही गर्नुपर्ने विषयमा सम्बन्धित निकायमा सिफारिस गरी पठाइएको थियो ।

५.थर सुचिकरणः मधेशी आयोग ऐन, २०७४ अनुसार "मधेशी समुदाय" भन्नाले "मधेशी आयोगको सिफारिसमा नेपाल सरकारले परिभाषित गरेको समुदाय सम्झनु पर्छ" भनी परिभाषित गरेकोले यस आयोगले मधेशी समुदायको सम्बन्धमा अध्ययन अनुसन्धान गरी नेपाल सरकारलाई सिफारिस गर्नुपर्ने हुन्छ । सो ऐनको दफा ७ (ड) मा मधेशी समुदायको पहिचानका सम्बन्धमा विस्तृत अध्ययन र अनुसन्धान गरी थर सूचीकृत गर्न नेपाल सरकारलाई सिफारिस गर्ने भन्ने व्यवस्था रहेको छ । मधेशी समुदायको स्पष्ट पहिचान र थर सूचीकरण हुन नसक्दा मधेशी समुदाय इतरका व्यक्तिहरुले, राज्यले मधेशी समुदायलाई दिएको सुविधा उपभोग गरिरहेको अवस्था एकातिर छ भने अर्कोतिर वास्तविक मधेशी समुदायका व्यक्तिहरु उक्त सुविधावाट वञ्चित हुनु परेको छ ।आर्थिक वर्ष २०७७।७८ मा नेपालमा मधेशी समुदायको थर सूचीकरण अध्ययन कार्यको सुरुवात गरिएको थियो । तर कामको व्यापकता सीमित स्रोत साधनको कारणले द्वितीय तथ्यांकमा आधारित भएर तयार पारिएको नेपालमा मधेशी समुदायको थर सूचीकरण अध्ययन प्रतिवेदन, २०७८ को प्रारम्भिक प्रतिवेदन तयार पारिएतापनि मधेशी समुदायको थर सूचीकरण सम्वन्धमा गरिने अध्ययन अनुसन्धान अझ व्यापक, वृहत, सम्वेदनशील र चुनौतीपूर्ण रहेकोले यसको अध्ययन प्रथम तथ्याङ्कलाई प्रमुख आधार बनाई अध्ययन गर्नुपर्ने देखिन्छ। यस प्रतिवेदनमा जम्मा १५१ वटा जात र सो जातजाति भित्र विभिन्न थरहरु समावेश भएका छन् ।

६.अन्तरक्रिया कार्यक्रम : आयोगले विभिन्न विषयमा सरोकारवालाहरुसँग छलफल गर्ने र सम्बन्धित क्षेत्रमा गई विभिन्न विषयमा अन्तरक्रिया गर्ने गरेको छ । यस्ता बैठक तथा अन्तरक्रियाको उद्देश्य आयोगको बारेमा आम सर्वसाधारणलाई जानकारी गराउनु तथा जनस्तरका समस्याहरु पहिचान गर्नु हो । सरोकारवालाहरुसँगको अन्तरक्रिया तथा बैठकबाट आएका समस्या तथा सुझावलाई आयोगले आवश्यक अध्ययन गरी नेपाल सरकार समक्ष सिफारिस गर्ने गरेको छ ।

७.मधेशी आयोगको ईच्छाः नैतिकवान मधेश र सशक्त नैतिक शिक्षा कार्यक्रमः आजको मानव समाज स्वार्थ, लोभ, क्रोध, झगडा, असहिष्णुता, साम्प्रदायिकता, भाषागत विभेद जस्ता साँगुरो सोचवाट गुज्रिरहेको छ । यस्तो सोंचवाट ग्रसित हाम्रो समाजलाई सकारात्मक रुपान्तरण गर्नु एउटा चुनौती हाम्रो लागि रहेको छ ।नैतिक शिक्षाको माध्यमवाट असल व्यक्ति, असल समाज र असल चरित्रको निर्माण तथा व्यक्तिको आफ्नो क्षमता, व्यवहार, उद्देश्य, समाजप्रतिको अवधारणा सम्बन्धी सोंचको विकास तथा क्षमताहरुको अभिबृद्धिका साथै मानिसलाई नैतिकवान बनाउन मद्दत पुर्याउँदछ । मानिस नैतिक रुपमा सफा हुनु पर्दछ । जसले समाजलाई सकारात्मक तरिकावाट अगाडि बढ्दै व्यक्तिमा सदाचार, विनम्रता, सदभाव, प्रेमभाव, श्रद्धा, परोपकार जस्ता सकारात्मक पक्षले स्थान पाउँदछन् । परिवार, समाज र मुलुकलाई सहि गति र सहि दिशानिर्देश प्रदान गर्न र सामाजिक व्यवहार सुधार गर्दै नैतिकवान समाज निर्माण गर्न नैतिक शिक्षालाई अनिवार्य विषयको रुपमा पाठ्यक्रममा समावेश गर्नुपर्ने भएकोले मधेशी आयोगको ईच्छाः **नैतिकवान मधेश र सशक्त नैतिक शिक्षा** को लागि प्रदेश १ सुनसरी, मधेश प्रदेशको जनकपुरधाम, लुम्विनी प्रदेशको नेपालगंज, सुदुरपश्चिमको धनगढी अभिमुखीकरण कार्यक्रम संचालन गरिएको थियो ।

८.**लोक सेवा तयारी कक्षा सम्बन्धी अभिमुखीकरण कार्यक्रमः** मधेशी आयोग ऐन, २०७४ को दफा ७ को उपदफा (झ) मा व्यवस्था भए बमोजिम मधेशी समुदायको हक हितको संरक्षण र सम्वर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणको लागि चेतनामूलक कार्यक्रम संचालन गर्नलाई मधेशी समुदायभित्र आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका व्यक्तिको सशक्तीकरण गर्ने ध्येयले मधेश प्रदेशको जनकपुरधाम, वागमती प्रदेशको हेटौडा र कर्णाली प्रदेशको सुर्खेतमा अभिमूखीकरण कार्यक्रम संचालन गर्ने कार्य सम्पन्न भयो ।

९.**विभिन्न निकायमा गरिएको सिफारिसः** आयोगको ऐन अनुसार तराई मधेशमा बाढीले पुऱ्याएको क्षति न्यूनीकरण गर्न र प्रभावित व्यक्तिहरुको खाना, नाना र छानाको व्यवस्थापनका लागि चाल्नुपर्ने कदम, नेपाल–भारत सीमामा देखिएको समस्यालाई द्विपक्षीय वार्ता मार्फत समाधान गर्न सरकारलाई सुझाव दिईएको थियो । किसानको आन्दोलनमा किसानहरू माथिको अत्याधिक बल प्रयोग भएकोले सो रोक्न सरोकारवालाहरूसंग छलफल गरी आन्दोलनलाई वार्ताको माध्यमवाट समाधान गर्न सिफारिस सहितका सुझावहरुका साथै अन्य विषयहरुमा समेत समय समयमा सम्वद्ध निकायहरु र नेपाल सरकारलाई सुझाव तथा सिफारिस गरिएको थियो । शिक्षावाट बञ्चित लक्षित वर्गलाई शिक्षामा सहज पहुँच, कुरिति, अन्धविश्वास, दाईजो प्रथा र छुवाछुत न्यूनिकरण सम्बन्धमा समेत सिफारिस गरिएको थियो ।

सविता डंगोल

उपसचिव